REG.NO. 1289/067/068

# यूनिभर्सल पावर कम्पनी लिमिटेड
# Universal Power Company Limited

Ref No. UPCL/EL/23/082/083

मिति : भाद्र २९, २०८२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र २९, २०८२ गते दिउँसोको ३:१० मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.व. २०७९/८०, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को वार्षिक साधारण सभा मिति आश्विन २३, २०८२ (अक्टोबर ०९, २०२५) गते बिहीबार बिहानको १०:०० बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**१. साधारण प्रस्तावहरु**

क) संचालक समितिको आ.व. २०८१/८२ र सो भन्दा पहिलेका वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी अनुमोदन गर्ने ।

ग) आ.व. २०८०/८१ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

घ) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी अनुमोदन गर्ने ।

ङ) आ.व. २०८१/८२ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

च) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

छ) आ.व. २०८२/८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

ज) कम्पनीको प्रवन्धपत्र तथा नियमावली बमोजिम रिक्त २ जना संचालकहरुको निर्वाचन गर्ने ।

झ) स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

ञ) कर प्रयोजनको लागि चुक्ता पूँजीको ०.४७३७ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) कम्पनीको प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

ख) चुक्ता पूजीँको ९ प्रतिशत बोनस शेयर (कर बाहेक) जारी गर्ने ।

ग) विशेष प्रस्ताव नं (ख) बमोजिम बोनस शेयर जारी गरे पश्चात् कायम हुने चुक्ता पूँजीको १०० प्रतिशत (१: १)हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

घ) नियमक निकायहरुको निर्देशनमा प्रवन्धपत्र तथा नियमावलीमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**३. विविध**

Bluestar complex, Tripureshwor-11, Kathmandu, Nepal Tel: 01-4101097, 01-4251463,
Email: universal2067@gmail.com, Web: www.universalpowercompany.com.np

साथै उक्त वार्षिक साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति आश्विन ०८, २०८२ गते एक दिनको लागि बन्द रहने छ। शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति आश्विन ०७, २०८२ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई सात (७) कार्य दिन भित्र दाखिल खारेजको लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनको लागि योग्य हुनेछन्।

भवदीय,

UNIVERSAL POWER COMPANY LTD.

.........................

हरि पन्थी
परिपालन अधिकृत

**बोधार्थ**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार, काठमाण्डौ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ।
श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौ।